# प्रेस-विज्ञप्ति

माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेलज्यूसँग मिति २०७५ मंसिर १९गते उहाँकै कार्यकक्षमा नेपालका लागि संयुक्त अरब इमिरेट्सका महामहिम राजदूत **H.E. Mr. Saeed Hamdan Al-Naqbi** ले शिष्टाचार भेटगर्नुभयो । माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूले संयुक्त अरब इमिरेट्सका महामहिम राजदूतलाई आफ्नो कार्यकक्षमा स्वागत गर्दै नेपाल र संयुक्त अरब इमिरेट्सबीच विगत चार दशकदेखि घनिष्ठ एवं मैत्रीपूर्ण सम्बन्ध रहेको र यो सम्बन्ध आगामी दिनमा अझ बढी प्रगाढ बन्दै जाने विश्वास व्यक्त गर्नुभयो । भेटघाटको क्रममा माननीय उपप्रधानमन्त्रीज्यूले झण्डै दुई लाखको हाराहारीमा आप्रवासी नेपाली कामदारहरू रहेको संयुक्त अरब इमिरेट्सको सम्बन्धलाई नेपालले उच्च प्राथमिकतामा राखेको र नेपालमा संयुक्त अरब इमिरेट्स लगायतका मुलुकका उद्यमी व्यवसायीहरूको लगानीलाई प्रवर्द्धन गर्न सरकारले लगानी मैत्री नीति तथा कार्यक्रमहरू अघि बढाई रहेको विचार व्यक्त गर्नुभयो ।अन्तर्राष्ट्रिय शान्ति स्थापनामा नेपालको ६ दशक लामो अनुभव रहेको कुरा उल्लेख गर्दै नेपाली सेना र संयुक्त अरब इमिरेट्सका सेनाबीच अनुभव आदान-प्रदान लगायत सैन्य क्षेत्रमा आपसी सहयोग विस्तार गर्ने प्रशस्त सम्भावना रहेको कुरा वार्ताका क्रममा माननीय उपप्रधानमन्त्रीज्यूले औंल्याउनुभयो ।

नेपालका लागि संयुक्त अरब इमिरेट्सका महामहिम राजदूत **H.E. Mr. Saeed Hamdan Al-Naqbi** ले संयुक्त अरब इमिरेट्स र नेपाल लामो समयदेखि अत्यन्त असल मित्रको रूपमा रहेको चर्चा गर्दै संयुक्त अरब इमिरेट्समा ठुलो संख्यामा नेपाली कामदारहरू रहेको र तिनले हालका दिनमा सुरक्षा, निर्माण तथा सेवा क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्‍याइरहेको कुरा व्यक्त गर्नुभयो । भेटघाटका क्रममा महामहिम राजदूतज्यूले संयुक्त अरब इमिरेट्सका लगानीकर्ताहरू नेपालको कृषि,पर्यटन,यातायात,परिवहन तथा एअरपोर्ट व्यवस्थापन लगायतका क्षेत्रमा लगानी गर्न इच्छुक रहेकोले त्यसका लागि नेपाल सरकारको तर्फबाट आवश्यक सहजीकरण गरिदिन अनुरोध गर्नुभयो ।भेटको दौरान महामहिम राजदूतज्यूले आगामी १७ देखि २१ फेब्रअरी २०१९ मा संयुक्त अरब इमिरेट्सको राजधानी अबुधावीमा आयोजना हुन लागेको International Defense Exhibition and Conference (IDEX 2019) मा सहभागी हुन संयुक्त अरब इमिरेट्सका महामहिम उपराष्ट्रपति तथा प्रधानमन्त्री एवं रक्षा मन्त्रीज्यूले माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूलाई पठाउनु भएको निमन्त्रणा पत्र समेत हस्तान्तरण गर्नुभयो ।माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूले निमन्त्रणाका लागि हार्दिक धन्यवाद दिनुहुँदै यस सम्बन्धमा सम्बन्धित पक्षहरूसँग छलफल गरेर पछि कूटनीतिक माध्यमबाट जवाफ पठाइने कुरा व्यक्त गर्नुभयो ।

शिष्टाचार भेटका अवसरमा रक्षा मन्त्रालय तथा परराष्ट्र मन्त्रालयका प्रतिनिधिहरूको समेत उपस्थिति थियो ।

(बाबुराम गौतम)
सह-सचिव एवं प्रवक्ता

**रक्षा मन्त्रालय,**
सिंहदरबार, काठमाण्डौं
१९ मंसिर, २०७५